## वीरेन्द्रनगर नगरपालिका

# फोहरमैला ब्यवस्थापनका लागि प्रस्ताव आव्हान सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८।३।१७)**

कर्णाली प्रदेशको राजधानीको रुपमा रहेको यस वीरेन्द्रनगरको देहायका वडाहरुको फोहर ब्यवस्थापन ३ वर्षका लागि सार्वजनिक नीजि साझेदारी अवधारणामा गर्न लागिएकाले इच्छुक फर्म वा गैर सरकारी संघ संस्थाले यो सूचना प्रकाशन भएको मितिले १५ दीन (उक्त दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट) दिउसो १२ वजे भित्र यस नगरपालिकाको website : www.birendranagarmun.gov.np मा राखिएको कार्यसूचीमा उल्लेखित आर्थीक र प्राविधिक प्रस्तावको आधारमा प्रति क्लष्टर रु. १०००।- (एकहजार मात्र) प्रस्ताव दर्ता शुल्क सहित नगरकार्यपालिकाको कार्यालय वा ६ नं वडा कार्यालय वा ७ नं वडा कार्यालयमा पेश गर्न जानकारी गराइन्छ।

- **कार्यक्षेत्र**

वीरेन्द्रनगर नगरपालिकाका १ देखि १२ नं वडाहरु को आवशीय तथा ब्यवसायिक घरधुरी हुनेछ जसलाई देहाय बमोजिम ३ वटा कलस्टरमा विभाजन गरिएको छ।

| क्लस्टर | वडाहरु |
|---|---|
| १ | वडा नं.१,२,३ र ४ |
| २ | वडा नं.५,६, ७ र ८ |
| ३ | वडा नं.९, १०,११ र १२ |

- पेश भएका प्रस्तावहरु प्रस्ताव पेश भएको भोलिपल्ट नगरकार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिने छ।
- थप जानकारी आवश्यक भएमा मोवाइल नं ९८५८०६३१११ वा ९८५८०५२७९८ वाट जानकारी लिन सकिने छ।

टिकाराम ढकाल
प्रमुख प्रशासकिय अधिकृत

प्रकाश पौडेल
वरिष्ठ अधिकृत
(अधिकृत स्तर सातौं)

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

## वीरेन्द्रनगर नगरपालिका

# फोहरमैला ब्यवस्थापन कार्यसूची२०७८

१) **पृष्ठभुमी**:

कर्णाली प्रदेशको राजधानीको रुपमा रहेको यस वीरेन्द्रनगरको सरसफाई व्यवस्थापन र शहरी सौन्धर्यताले समग्र कर्णाली प्रदेशकै प्रतिविम्वका रुपमा रहने समेत भएको हुंदा यस नगरको फोहर ब्यवस्थापनलाई ब्यवस्थीत र जवाफदेही बनाउनु पर्ने अपरिहार्य भएको र यस नगरको आ.व.२०७७।७८ को वातावरण तथा विपद ब्यवस्थापन नीतिमा नगरको फोहर ब्यवस्थापन नीजि क्षेत्रको संलग्नतामा गराउने उल्लेख भएको त्यस्तै वीरेन्द्रनगर नगरपालिकाको वातावरण संरक्षण तथा फोहरमैला ब्यवस्थापन ऐन २०७७ को दफा २८ समेत नगरको फोहर ब्यवस्थापनमा नीजि तथा सामुदायिक क्षेत्रको संलग्नतामा फोहर ब्यवस्थापन गर्न सकिने ब्यवस्था भएको सोही ऐनको दफा २९ मा प्रतिस्पर्धा गराई फोहरमैला ब्यवस्थापनको जिम्मा दिने, दफा ३१ मा सार्वजनिक नीजि साझेदारीमा फोहरमैला ब्यवस्थापन गर्न सकिने ब्यवस्था हुनुका साथै फोहर मैला ब्यवस्थापन र सेवा शुल्क असूली सम्बन्धमा नगरपालिकाले फोहर मैला ब्यवस्थापन कार्यविधि समेत निर्माण गरी प्रयोग गर्दै आएको सन्दर्भमा वीरेन्द्रनगर नगरपालिकाको वडा नं १ देखि १२ (सुर्खेत उपत्यका क्षेत्र) फोहोर ब्यवस्थापन सशुल्क रुपमा नीजि क्षेत्रको संलग्नतामा सार्वजनिक नीजि साझेदारी अबधारणामा गर्न यो फोहरमैला ब्यवस्थापन कार्यसूची तयार गरिएको छ।

२) **उद्देश्य**:

- नगरको फोहर ब्यवस्थापन ब्यवस्थीत र जवाफदेही ढंगबाट संकलन तथा ढुवानी गर्ने।
- नगर भित्र फेला परेका मृत पशु चौपायाहरुको नगरपालिकावाट तोकिएको स्थलमा ब्यवस्थापन गर्ने।
- नगरको फोहर ब्यवस्थापनमा नगर वासीको सेवा शुल्कमा योगदान सहितको सहभागिता गराउने।
- नगरको फोहर ब्यवस्थापनमा नगरपालिकाले गर्दे आएको प्रत्यक्ष लगानी घटाउने।

**३) कार्यक्षेत्र र सम्पादन गर्नुपर्ने कामको विवरण :**

**३।१ कार्यक्षेत्र** वीरेन्द्रनगर नगरपालिकाका १ देखि १२ नं वडाहरु को आवशीय तथा ब्यवसायिक घर धुरी हुनेछ जसलाई देहाय बमोजिम ३ वटा कलस्टरमा विभाजन गरिएको छ।

| क्लस्टर | वडाहरु |
|---|---|
| १ | वडा नं.१,२,३ र ४ |
| २ | वडा नं.५,६, ७ र ८ |
| ३ | वडा नं.९, १०,११ र १२ |

प्रमुख प्रशासकीय अधिकृत

प्रकाश पौडेल
अधिकृत

३.२ कार्यविवरण :

- वीरेन्द्रनगरपालिका सुर्खेतका वडा न १ देखी १२ भित्रका घरधुरीवाट निस्कने सबै प्रकृतिका फोहरहरु सम्बन्धित घरधनिले फोहर ढुवानी साधन सम्म बुझाएपश्चात संकलन गरि नगरपालिको ल्याण्डफिल साइट वा नगरपालिकाले तोकेको स्थान सम्म ढुवानी गरी विर्सजन कर्तालाइ बुझाउने।
- तोकिएका कार्यक्षेत्र भित्र विभिन्न ब्यवसाय गर्ने ब्यवसायीहरुवाट प्राप्त फोहर (स्वास्थ्य जन्य तथा हानिकारक वाहेक) एवं काम नलाग्ने भनि दिएका वस्तुहरुको संकलन गरी नगरपालिकाको ल्याण्डफिल साइट वा नगरपालिकाले तोकेको स्थान सम्म ढुवानी गरी विर्सजन कर्तालाइ बुझाउने।
- सडक एवं सार्वजनिक क्षेत्रहरुमा राखिएका कन्टेनरको फोहर तथा मठमन्दीरको संकलीत फोहर उठाई ढुवानी गरि नगरपालिकाबाट तोकिएको स्थानमा बुझाउने।
- नगर क्षेत्र भित्र रहेको कार्यालय, संघ संस्थाहरुमा संकलित फोहर बुझि तोकिएको स्थानमा बुझाउने।
- वडा कार्यालयले वडा भित्रका सडक तथा नाली सफाई विशेष अभियान गरि संकलन गरेको फोहर एवं काम नलाग्ने वस्तुहरु ढुवानी गरि तोकिएको स्थान सम्म लगि बुझाउने।
- ल्कस्टर एवं वडा क्षेत्रमा भएको फोहरको प्रकृती अनुसार दैनिक, हप्तामा २ दिन , साप्ताहिक फोहर, १५ दिनमा, संकलन गर्ने ब्यवस्था मिलाईने। कुन क्षेत्रमा कति समयमा जाने भन्ने विषयमा वडा कार्यालय संग परामर्श गरी कार्य तालिका वनाउनु पर्ने छ।
- धनि एकिन नभएका मृत पशु चौपायाहरुको संकलन र ढुवानी गरि नगरपालिकाले तोकेको स्थानमा नगरपालिका वा वडा कार्यालय बाट सूचना प्राप्त भएको समयले ३ घण्टा भित्र अन्तिम विर्सजन गर्ने।
- नगरपालिका बाट स्वीकृत सरसफाई सेवाशुल्कको संकलन गरि संझौता बमोजिमको हिस्सा नगरपालिकामा दाखिला गर्ने।

## ४) फोहर ब्यवस्थापन गर्दा नगरपालिका तथा प्रस्तावकले प्रयोग गर्न सक्ने कानून तथा सूचनाहरु

- स्थानीय सरकार संचालन ऐन २०७४
- वीरेन्द्रनगर नगरपालिकाको वातावरण सरक्षण तथा फोहरमैला ब्यवस्थापन ऐन २०७७
- फोहरमैला ब्यवस्थापन कार्यविधि २०७७
- नगर प्रोफाइल २०७५ र वीरेन्द्रनगर नगरपालिकाको एकिकृत फोहरमैला ब्यवस्थापन रणनिति २०७७ देखि २०९२ निर्माणका क्रममा गरीएका नमुना अध्यनका आधारमा प्राप्त देहाय बमोजिमको जनसांखीक तथा फोहरमैला व्यवस्थापन सम्वन्धीको सूचना।

प्रकाश पौडेल
वरिष्ठ अधिकृत
(अधिकृत स्तर सातौं)

प्रमुख प्रशासकीय अधिकृत

## क, वडागत घरपरिवार संख्या तथा लिङ्गको आधारमा जनसंख्याको विवरण

| वडा नं. | परिवार संख्या | अक्सर वसोवास गर्ने जनसंख्या | | | लैंगिक अनुपात | परिवार आकार | क्षत्रफल (वर्ग मिटर ) | जनघनत्व (प्रति वर्ग कि.मि.) |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिना | जम्मा | | | | |
| १ | २,१२४ | ४,१४४ | ४,५२३ | ८,६६७ | ९१.६२ | ४.०८ | ६.१ | १४२१ |
| २ | २,१२६ | ४,२९७ | ४,६५२ | ८,९४९ | ९२.३७ | ४.२१ | २९.२ | ३०६ |
| ३ | ३,४२६ | ७,२३२ | ६,७७१ | १४,००३ | १०६.८१ | ४.०९ | ६.६२ | २११५ |
| ४ | २,०२७ | ४,१०९ | ४,०२१ | ८,१३० | १०२.१९ | ४.०१ | ७.१ | ११४५ |
| ५ | १,१६५ | २,३८५ | २,५२६ | ४,९११ | ९४.४२ | ४.२२ | ५.८ | ८४७ |
| ६ | १,०७५ | २,१३५ | २,१७२ | ४,३०७ | ९८.३० | ४.०१ | ०.६ | ७१७८ |
| ७ | १,३४४ | २,७१४ | २,८८९ | ५,६०३ | ९३.९४ | ४.१७ | ५.२ | १०७८ |
| ८ | १,७६० | ३,०२१ | २,९६१ | ५,९८२ | १०२.०३ | ३.४० | १.४ | ४२७३ |
| ९ | २,०९९ | ४,२४६ | ४,४२९ | ८,६७५ | ९५.८७ | ४.१३ | २८.८२ | ३०१ |
| १० | २,७२४ | ५,३०७ | ५,९१८ | ११,२२५ | ८९.६८ | ४.१२ | १७ | ६६० |
| ११ | २,२१७ | ३,८७१ | ४,३१४ | ८,१८५ | ८९.७३ | ३.६९ | २६.७ | ३०७ |
| १२ | २,८०४ | ५,३१७ | ६,०५८ | ११,३७५ | ८७.७७ | ४.०६ | ८.८२ | १२९० |
| १३ | १,२१५ | २,७८४ | २,८११ | ५,५९५ | ९९.०४ | ४.६० | २५.९ | २१६ |
| १४ | ६६० | १,४११ | १,४९० | २,९०१ | ९४.७० | ४.४० | २८.९६ | १०० |
| १५ | ३५६ | ८६० | ८४० | १,७०० | १०२.३८ | ४.७८ | २४.६१ | ६९ |
| १६ | ४३८ | १,००३ | १,०६७ | २,०७० | ९४.०० | ४.७३ | २२.२३ | ९३ |
| जम्मा | २७,५६० | ५४,८३६ | ५७,४४२ | ११२,२७८ | ९५.४६ | ४.०७ | २४५.०६ | ४५८ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन , २०७५*

## ख व्यवसायीक फर्म तथा कम्पनीको वडागत विवरण

यस नगरपालिकाको नगर प्रोफाइलका अनुसार नगरपालिकाका विभिन्न वडामा संचालनमा रहेका व्यवसायिक फर्म तथा कम्पनीहरुको विवरण देहाय बमोजिम रहेको छ । उल्लेखित विवरण राजस्व प्रयोजनका लागि दर्ता रेकडका आधारमा रहेको हुंदा तलउल्लेख भएका ब्यवसायको संख्यामा दोवर भन्दा वढी ब्यवसायहरु यस यि वडाहरुमा रहेको अनुमान गर्न सकिन्छ ।

व्यवसायिक फर्म तथा कम्पनीको प्रकृति

| वडा नं . | वस्तुको बिक्रि | सेवाको बिक्रि | वस्तुको उत्पादन | अन्य | उल्लेख नभएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ७९ | १५ | ४ | | | ९८ |
| २ | ५ | २ | १ | १ | | ९ |
| ३ | ७७ | १६ | ५ | २ | | १०० |
| ४ | ४७ | ३ | १ | | | ५१ |
| ६ | ६२० | १९८ | ६ | ९ | | ८३३ |
| ७ | ११२ | १३ | ३ | ४ | | १३२ |
| ८ | ३८ | १९ | ३ | २ | | ६२ |
| ९ | ६२ | २६ | ७ | १ | | ९६ |
| १० | १५४ | १३ | १ | ३ | ४ | १७५ |
| ११ | १५५ | ६३ | ३ | ७ | १ | २२९ |
| १२ | ११६ | १५ | ५ | ३० | | १६६ |
| १४ | २३ | | | १ | | २४ |

प्रकाश पौडेल
वरिष्ठ अधिकृत
(अधिकृत स्तर सातौं)

प्रमुख प्रशासकीय अधिकृत


| वडा नं. | वस्तुको बिक्रि | सेवाको बिक्रि | वस्तुको उत्पादन | अन्य | उल्लेख नभएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १६ | १२ | २ | | १ | | १५ |
| **जम्मा** | १,५०० | ३८५ | ३९ | ६१ | ५ | १,९९० |
| **प्रतिशत** | ७५.३८ | १९.३५ | १.९६ | ३.०७ | ०.२५ | १००.०० |

*श्रोत नगर प्रोफाइल २०७५*

## ग) फोहरमैलाको उत्सर्जन र संरचनाको अवस्था :

वीरेन्द्रनगर नगरपालिकाबाट समग्रमा निस्कने फोहरमैला श्रोत हेर्दा यहाँ अवस्थित घरहरु, संघ संस्थाहरु, व्यापारिक निकायहरु, मन्दिर, लगाएत नगरपालिकाका सडक, कन्टेनर तथा नालीवाट विभिन्न प्रकृतीको फोहर निस्कने गरेको छ । यि स्थानहरुमा २४ घण्टामा थुप्रिएको फोहोरको नमुना अध्ययन गर्दा निम्नानुसार रहेको छ ।

वीरेन्द्रनगर नगरपालिकाको फोहरको
संरचना




चित्र नम्बर १ : वीरेन्द्रनगर नगरपालिकाको फोहरको संरचना

प्रमुख प्रशासकीय अधिकृत

प्रकाश पौडेल
वरिष्ठ अधिकृत
(अधिकृत स्तर सातौं)

घ) ठोस फोहोरमैला उत्सर्जन आँकलन सम्बन्धी आधारभूत तथ्याङकको जानकारी

ठोस फोहोरमैला उत्सर्जन आँकलन टुलको प्रयोगको लागि आवश्यक तथ्याङकहरु सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नेतृत्वमा लिड नेपालले गरेको आधारभूत सर्वेक्षण २०१८ र २०१९ बाट लिईएको हो जुन तलको तालिका हेर्न सकिन्छ।

आधारभूत तथ्याङक

| आधारभूत तथ्याङक | परिमाण |
|---|---|
| नगरपालिकाको प्रति व्यक्ति फोहर उत्सर्जनको परिमाण | प्रतिदिन ०.३५ किलोग्राम |
| कुल जनसंख्या | १,१५,४५१ |
| फोहर संकलनगर्ने अनौपचारिक क्षेत्रभित्रको जनसंख्या | ४३,४५१ (३७.६४%) |
| फोहर संकलन गर्ने अनौपचारिक क्षेत्रभित्रको जनसंख्या | ७२,००० (६२.३६%) |
| औपचारिक क्षेत्रबाट संकलनगरिने फोहरका परिमा | प्रतिवर्ष ५,५५१ मेट्रिकटन |
| फोहरको संरचना | जैविक ६३% र अजैविक ३७% |
| औसत वार्षिक वर्षा | १,७६४ मिलिमिटर |
| फोहरको परिमाणमाऔसत वार्षिक वृद्धि | ७% |
| औसत वार्षिक तापक्रम | २१.५ °C |
| फोहर संकलनगर्ने ठूला सवारी साधनहरुको संख्या | १४ |
| फोहर व्यवस्थापनमा सम्याउनतथाखन्नप्रयोग गरिने सवारी साधनको संख्या | १ बुलडोजर |
| अन्तिम विसर्जन स्थल | क) तारेभीर |
| विसर्जन स्थल स्थापनाभएको वर्ष | क) बि.सं. २०७३ |
| विसर्जन स्थलबन्दहुने समय | क) बि.सं २०९८ |
| औसत फोहोरको थुप्रोको गहिराई | क) १२ फीट |
| पुरिने फोहरको परिमाण | क) ४१६३ मेट्रिकटन |

५) फोहर ब्यवस्थापक ब्यवस्थापन विधि

क) फोहर ब्यवस्थापन नीजि क्षेत्र र नगरपालिकाको संयूक्त ब्यवस्थापन अर्थात सार्वजनिक नीजि साझेदारी अबधारणामा नगरको फोहर ब्यवस्थापनको कार्य गरिनेछ। जहां देहाय बमोजिम लाभ, लागत र जोखिममा नीजि क्षेत्र र नगरपालिका दुवै पक्षको सहभागिता रहनेछ।

प्रकाश पौडेल
वरिष्ठ अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

## ५ .१ लाभमा सहभागिता

नीजि क्षेत्रले प्रत्येक घरधुरी, ब्यवसायिक फर्म, कार्यालय, सघ संस्था बाट नगरपालिकाको फोहर मैला ब्यवस्थापन कार्यविधिमा उल्लेख भए बमोजिमको चालू आ व ०७७।७८ का लागि स्वीकृत दरका आधारमा मासिक सेवा शुल्क असुल गर्ने छ । सेवा शुल्क असूल गर्न कुनै अवरोध भएमा वडा कार्यालयले सहयोग एवं सहजीकरण गर्ने छ । यसरी सेवा शुल्क असूल हुन नसकेका घर धुरी तथा ब्यवसायीहरु सूची नीजि क्षेत्रले वडा कार्यालयमा दिनेछ यस्ता घर धुरी तथा ब्यवसायीहरुको नगरपालिकावाट प्रदान हुने सेवा वडा कार्यालय र नगरपालिकाले बन्द गर्ने लगाएत नगरपालिका द्धारा जारी कानून बमोजिमको कार्वाही गरि सेवा शुल्क असूलीमा सहयोग नगरपालिका तथा वडा कार्यालयबाट हुनेछ । फोहरमैला ब्यवस्थापन सेवा शुल्क वापत कूल संकलीत रकमको २ (दुई) प्रतिशतमा वढावढ गरि कवोल गरिएको रकम चौमासिक रुपमा नगरपालिकामा नीजि क्षेत्रले बुझाउनु पर्नेछ । कार्य क्षेत्र भित्र रहेका सरसफाई सेवा शुल्क बुझाउन नसक्ने अति विपन्न ३ प्रतिशत सम्म घरधुरीलाई वडा समितिको सिफारिशमा नि:शुल्क वा आन्शिक शुल्क लिइ सेवा दिने ब्यवस्था मिलाउनु पर्नेछ ।

मृत पशु चौपायको ब्यवस्थापन वापत माउ चौपाया ( गाई गोरु र यस्तै प्रकृतीका) को ब्यवस्थापन खर्च वापत प्रति ज्यान रु १०००। र कुकुर विरालाको हकमा रु ५०० मा घटाघटमा कवोल गरेको दरमा ब्यवस्थापन गर्न लगाई सो को चौमासिक भुक्तानि नगरपालिकाबाट ब्यवस्थापन गर्ने ।

फोहर छुट्याई संकलन गर्न सकेमा संकलित फोहरहरुलाई भिन्ना भिन्नै मूल्यमा विक्रि वितरण गर्न तथा मूल्य श्रृखलामा परिवर्तन गर्न नीजि क्षेत्रले सक्नेछ सो का लागि नगरपालिकाको ल्याण्डफील साइटको संरचना निजि क्षेत्रले सशुल्क प्रयोग गर्न सक्नेछ । कवाडी निकासीको शुल्क र संकलीत सामाग्रीहरुको सेग्रिकेशन सेन्टरको भाडा नगरपालिकालाई छुट्टै प्राप्त हुनेछ ।

## ५ .२ लागतमा सहभागिता

उल्लेखित १२ वटा वडाहरुको फोहर संकलन तथा ढुवानी गर्ने क्रममा नीजि क्षेत्रले हाल प्रयोग भएकै प्रकृतीका ढुवानी साधन प्रयोग गरेमा कम्तीमा ८ वटा टेक्टर आवश्यक पर्ने र सोका लागि ८ जना ड्राइभर र प्रत्येक गाडीमा २ जना हेल्पर आवश्यक पर्नेमा नगरपालिकाबाट केही ड्राइभरको तलव, ढुवानी साधन को भाडा तथा अन्य ब्यवस्थापन खर्चमा नगरपालिकाको सहभागिता २५ प्रतिशतमा नवढ्ने गरि घटाघटमा गरिएको कवोलका आधारमा सहकार्य गरिनेछ । सहकार्यमा नगद वा जिन्सी वा दुवै हुन सक्ने ।

फोहर संकलन तथा सेग्रिकेशनमा नगरपालिकाले घरधुरी तह सम्म लगानी गर्ने छ ।

## ५ ३ जोखिममा सहभागीता

फोहर राम्रो संग उठ्न नसकेमा नगरको सौन्धर्यतामा आंच आउने, जिम्मेवारी प्रश्न आउने, नगरपालिकालाई प्राप्त हुने राजस्व प्राप्त नहुने, फोहरमैला ब्यवस्थापनमा नगरको लागत वढ्ने । उद्धेश्य अनुसार काम नभएमा नीजि क्षेत्रले गरेको लगानी र नगरपालिकामा सुरक्षण वापत राख्ने पेश गरेको कूल लागतको १० प्रतिशत वरावरको धरौटी रकम समेत जफत हुने । प्रस्तावक र वडा कार्यालयले जतिसुकै प्रयास गर्दा पनि दिएको वडा कार्यालयले दिएको तथ्याकको

प्रकाश पौडेल
वरिष्ठ अधिकृत
(अधिकृत स्तर सातौं)

प्रमुख प्रशासकीय अधिकृत

आधारमा ५० प्रतिशत भन्दा वढी घरधुरी तथा ब्यवसायिक क्षेत्रबाट सेवा शुल्क उठाउन नसकेको अवस्थामा प्रस्तावकलाई नगरपालिकाले क्षतिपुर्ती वापत वडामा जाने सशर्त अनुदानबाट कटाइ उठ्न बाँकी रकमको २० सम्म घटाघटमा गरिएको कवोलका आधारमा प्रस्तावकलाई उपलब्ध गराइने छ। तर गुणस्तरीय सेवा र प्रस्तावकको प्रयास विना क्षेति पुर्ती दावि हुने छैन।

ख) ब्यवस्थापन सम्बन्धी अन्य शर्तहरु

१ क्लस्टर अनुसार भिन्नाभिन्नै सेवा प्रदायक छनौट वा एक भन्दा वढी क्लस्टरलाई एकिकृत गरि फोहर ब्यवस्थापन गरिने।

२ हाल विभिन्न वडाको फोहर ब्यवस्थापन ढुवानी साधनमा कार्य गर्ने ड्राइभर तथा हेल्परलाई प्रयोग गर्ने गरि पेश भएका प्रस्तावलाइ प्राथमिकता दिइने छ।

३ सेवा शुल्क संकलन तथा ब्यवस्थापनमा सफ्टवयेर प्रयोग गर्न प्रतिवध्द प्रस्तावलाई प्राथमिकता दिइने छ।

४ प्रस्ताव स्वीकृत भएको ७ दिनभित्र सम्झौता गर्नुपर्ने छ।

५ सम्झौताको बखत कूल परियोजनाको तीन वर्षको जम्मा लागतको ५ प्रतिशत रकम नगद धरौटी वा यस कार्यालयको नाममा जारी भएको Unconditional बैंक ग्यारेन्टी राख्नु पर्ने छ।

६ स्वीकृत सेवा प्रदायकले सम्झौता बमोजिम कुनै क्षेत्रमा फोहरमैला संकलन नगरेको लिखित गुनासो वडा समितिबाट आएमा यसरी राखिएको धरौटीबाट वास्तविक रकम कट्टा तथा थप जरिवाना समेत लाग्ने गरी नगरपालिकाले आफै उठाउन सक्नेछ।

७ पटक पटक फोहर नउठाई नगरपालिकाले तेस्रो पटक सम्म आफै उठाउनुपर्ने अवस्था आएमा नगर कार्यपालिकाको निर्णयबाट सम्झौता भंग हुन सक्ने छ।

८ प्रस्तावको मूल्याकन अनुसूची ३ र ४ वमोजिम प्राविधिक प्रस्ताव को अंक २५ र आर्थिक प्रस्तावको अंक भार ७५ हुनेछ।

९ प्रस्तावको स्वीकृत तथा अस्वीकृत गर्ने पुर्ण अधिकार नगरकार्यपालिकाको कार्यालयलाई हुनेछ।

६, सेवा प्रदायक नीजि क्षेत्र वा संस्था संग हुनु पर्ने न्यूनतम् क्षमता

| क्र.स. | विषय | क्षमता |
|---|---|---|
| १ | ड्राइभर र हेल्पर सहित फोहर ढुवानी साधन (टेक्टर वा टीपर) | कम्तीमा देहायका साधन हुनु पर्ने (आफ्नै वा १ वर्ष भन्दा वढीको करार सम्झौता भएको हुनु पर्ने)<br>कलस्टर १ मा ३ वटा<br>कलस्टर २ मा ३ वटा<br>कलस्टर ३ मा ३ वटा |
| २ | अनुभव | नगरपालिका तथा गाउंपालिकाहरुको फोहरमैला ब्यवस्थापन, खुल्ला दिशा मुक्त, सैचालय सचालन, राजस्व संकलन, सामाजिक परिचालन तथा आर्थिक विकास तथा पूर्वाधार विकास निर्माणका कार्यमा कम्तीमा ३ वर्षको अनुभव भएको। |
| ३ | कानूनी दर्ता | कानून बमोजिमको नेपाल संकारको निकायमा दर्ता निजी फर्म वा गैर सरकारी संघ संस्था भै भ्याट वा प्यान दर्तामा दर्ता भै नगरपालिकामा समेत ब्यवसाय दर्ता वा सूचिकृत भएको। |
| ४ | जनशक्ति | प्रस्तावक संग देहायका जनशक्ति अनिवार्य हुनुपर्नेछ। |

प्रकाश पौडेल
वरिष्ठ अधिकृत
(अधिकृत स्तर सातौं)

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | क) प्रवन्धक स्नातक उर्तिण १ जना<br>ख) फिल्ड सहायक( एस इ इ उर्तिण)<br>कलस्टर १ का लागि २ जना<br>कलस्टर २ का लागि ३ जना<br>कलस्टर १ का लागि २ जना<br>ग) एक भन्दा वढी कलस्टरमा एउटै सेवा प्रदायक भएमा कार्यालय सहायक थप १ जना ( एस इ इ उर्तिण)राख्नु पर्नेछ । |

## ७) प्रस्तावकले पेश गर्नु पर्ने कागजात तथा सूचनाहरु

क कानून वमोजिम दर्ता भएको प्रमाण पत्र र चालू आ व सम्मको नविकरण प्रमाणको प्रतिलिपि

ख गत आ व ०७६।७७ सम्मको कर चुक्ता प्रमाण पत्र

ग फर्म /सस्थाको प्रोफाइल र अनुभव खुलेका प्रमाणहरु

घ फर्म /सस्थाको विगत ३ बर्ष भित्रको वढी आर्थीक कारोवारो गरेको आवको कम्तिमा १ वर्षको लेखापरिक्षण प्रतिवेदन वा १ वर्षको बैक स्टेट्मेन्ट ।

ङ पेश भएका जनशक्तीको वायोडाटा र शैक्षिक प्रमाण पत्र, ल्कस्टर भित्रको कुनै वडामा काम गरि रहेका ड्राइभर वा हेल्पर प्रयोग गर्ने भएमा कामदारको नागरिक्ता वा लाइसेन्सको फोटोकपि ।

च प्रस्तावित फोहर ढुवानी साधनको ब्लु बुक , भाडामा भए वडा अध्यक्षको रोहवरमा गरिएको सम्झौता प्रतिलिपि ।

छ फोहरमैला ब्यवस्थापनका लागि भएका अन्य पूर्वाधार तथा उपकरण (कम्पोष्ट ल्पान्ट ,वायो ग्यास प्लान्ट ,रिसाइकल उपकरणहरुको विवरण र प्रमाण ।

ज आर्थिक प्रस्तावमा पेश गरेको प्रस्तावित वार्षिक लागत अनुमानको २।५ प्रतिशत भन्दा वढी वा एक मुस्ट २ लाख ५० हजार वरावरको कम्तीमा १२० दिनको बैक ग्यारेन्टी वा सोही वमोजिमको नगद धरौटी वापत पेश गर्नु पर्नेछ ।

झ अनुसूची १ र २ बमोजिमको प्राविधिक र आर्थिक प्रस्ताव भरी ल्कस्टर अनुसार छुट्टा छुट्टै सिलवन्दी गेरर पेश गर्नु पर्ने ।

तयार गर्ने ~~स्वीकृत गर्ने~~

..................

प्रकाश पौडेल

(योजना तथा वातावरण शाखा प्रमुख )

..................

टिकाराम ढकाल

(प्रमुख प्रशासकिय अधिकृत)

अनुसूची १

वीरेन्द्रनगर नगरपालिका

# फोहरमैला ब्यवस्थापन प्रस्तावको ढाँचा

## प्राविधिक प्रस्ताव

१ प्रस्तावकको नाम, ठेगाना,सम्पर्क ब्यक्ती , सम्पर्क नम्वर , इमेल ठेगाना

२ प्रस्तावक , फर्मवा संस्था को दर्ता नम्वर, मिति , दर्ता गर्ने निकाय, भ्याट वा प्यान नम्वर

३ प्रस्ताव पेश गरेको क्षेत्र -कल्सटर छुटयाई लेख्ने_

४ प्रस्तावक , फर्म वा संस्था को उदेश्य

५ हाल सम्म गर्दे आएका कृयाकलाप

६ नगरपालिका तथा गाउंपालिकाहरुको फोहरमैला ब्यवस्थापन, खुल्ला दिशा मुक्त , शौचालय संचालन, राजस्व संकलन, सामाजिक परिचालन तथा आर्थिक विकास तथा पूर्वाधार विकास निर्माणका कार्य सम्वन्धीको अनुभव देहायको तालिका बमोजिम

| क्र स | क्रियाकलाप | समयावधि | स्थान |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

७ **संस्था वा फर्म संग भएको साधन श्रोत अवस्था**

**क ढुवानी साधन**

| साधनको किसिम | सख्या | सवारी नम्वर | आफ्नै वा भाडामा |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

ख जनशक्ति

| जनशक्तिको नाम | प्रस्तावित पद | योग्यता | अनुभव कुनै वडामा काम गरेको भए सो समेत खुलाउने । |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

ग फोहरमैला ब्यवस्थापनका लागि भएका अन्य पूर्वाधार तथा उपकरणको विवरण

| अन्य पुर्वाधार तथा उपकरणको नाम | सख्या | अवस्था | आफ्नै वा भाडामा |
|---|---|---|---|
| | | | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |

**घ संस्था / फर्मको आर्थीक अवस्था**

आ व ०७५।७६को जम्मा कारोवारो रकम रु

आ व ०७६। ७७ को जम्मा कारोवारो रकम रु

आ व०७४।७५ वा ०७७।७८ को जम्मा कारोवारो रकम रु

८ फोहर ब्यवस्थापन विधि प्रकृया (कार्य सूचीको वुदा न ५ का आधारमा तयार गर्ने)

क फोहर संकलन विधि प्रकृया

ख ढुवानीमा विधि प्रकृया

ग विर्सजन पूर्व वा विर्सजनमा विधि प्रकृया (मृत पशु चोपाया समेतको)

घ सेवा शुल्क संकलनमा विधि प्रकृया

९ प्रस्तावकले परिकल्पना गरेको नयां विधि वा परिकल्पना

माथि उल्लेखित विवरणहरु यस फर्म / सस्थाले वीरेन्द्रनगर नगरपालिका सुर्खेतबाट जारी भएको फोहरमैला ब्यवस्थापन कार्यसूची २०७८ राम्रो संग अध्ययन गरि भरेको ब्यहोरा घोषणा गर्दछु ।

विवरण पेश गर्नेको नाम

हस्ताक्षर

पद

फर्म /संस्थाको नाम

छाप

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

वीरेन्द्रनगर नगरपालिका

## फोहरमैला ब्यवस्थापन प्रस्तावको ढाँचा

### आर्थिक प्रस्ताव

१ प्रस्तावकको नाम, ठेगाना,

सम्पर्क ब्यक्ती , सम्पर्क नम्वर ,

इमेल ठेगाना

२ प्रस्तावक , फर्मवा संस्था को दर्ता नम्वर, मिति दर्ता गर्ने

निकाय, भ्याट वा प्यान नम्वर

३ प्रस्ताव पेश गरेको क्षेत्र (कल्सटर छुटयाई लेख्ने)

| ल्कस्टर | वडाहरु | प्रस्तावित क्षेत्रमा ठीक लगाउने |
|---|---|---|
| १ | वडा नं.१,२,३ र ४ | |
| २ | वडा नं.५,६ ७ र ८ | |
| ३ | वडा नं.९,१०,११ र १२ | |

४ लाभमा सहमागिता

प्रस्तावकले प्रत्येक घरधुरी, ब्यवसायिक फर्म तथा सार्वजनिक कार्यालय तथा संघ संस्थाबाट फोहर मैला ब्यवस्थापन कार्यविधिमा उल्लेख भए बमोजिमको मासिक सेवा शुल्क असुली गरि प्राप्त सेवा शुल्कबाट नगरपालिकालाई उपलब्ध गराउने रकमको हिस्सा २ प्रतिशतमा वढावढ गरी उल्लेख गर्ने ।

| कार्य | नगरपालिकाको हिस्सा प्रतिशतमा | | कैफियत |
|---|---|---|---|
| | अकमा | अक्षरमा | |
| सेवा शुल्क असूली | | | |

५ लागतमा सहभागीता

क) प्रस्ताव कार्यान्वयनका लागि प्रस्तावित वार्षीक लागत

| लगानीका क्षेत्रहरु | संख्या | वार्षिक लागत रकम | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| ढुवानी साधन | | | |
| ड्राइभर | | | |
| हेल्पर | | | |
| प्रशासनिक जनशक्ति | | | |
| अन्य कार्य (पूर्वाधार वा ब्यवस्थापन खर्च) | | | |
| जम्मा खर्च | | | |

ख नगरपालिको तर्फबाट सहकार्यको अपेक्षा (लागतको २५ प्रतिशतमा घटाघटमा )

| लगानीका क्षेत्रहरु | संख्या | वार्षिक लागत रकम | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| ढुवानी साधन (फ्यूल सहित) | | | |
| ड्राइभर | | | |
| हेल्पर | | | |
| अन्य कार्य (पूर्वाधार वा ब्यवस्थापन खर्च) | | | |
| जम्मा खर्च | | | |

ख) मृत पशु चोपाया ब्यवस्थापन वापत नगरपालिकासंग अपेक्षा गरेको रकम

| मृत पशु चोपायाको किसिम | प्रति ज्यान अधिक्तम दर | नगरपालिकासंग अपेक्षा गरेको दर (घटाघटमा उल्लेख गर्ने) | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| माउ चोपाया | १०००। | | |
| वाच्छा बाच्छी,कुकुर विराला | ५००। | | |

६ जोखिम तथा सेवामा सहभागीता

| जोखिम तथा सेवा क्षेत्र | क्षेतिपूर्ती प्रतिशत | |
|---|---|---|
| | अकमा | अक्षरमा |
| ५० प्रतिशत भन्दा वढी घरधुरीबाट सेवा शुल्क उठ्न नसकेमा नगरपालिका संग माग गर्ने क्षेतिपूर्ती (उठ्न नसकेको घरधुरीलाई तोकिएको रकमको २० प्रतिशतमा घटाघट गरी राख्ने) | | |
| विपन्न घरधुरीका लागि सहुलिएत घरधुरी प्रतिशत (३प्रतिशतमा वढावढ गरि राख्ने) | | |

माथि उल्लेखित विवरणहरु यस फर्म / संस्थाले वीरेन्द्रनगर नगरपालिका सुर्खेतबाट जारी भएको फोहरमैला ब्यवस्थापन कार्यसूची २०७८ राम्रो संग अध्ययन गरि भरेको ब्यहोरा घोषणा गर्दछु ।

विवरण पेश गर्नेको नाम

हस्ताक्षर

पद

फर्म /संस्थाको नाम

छाँप

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ३

वीरेन्द्रनगर नगरपालिका

# फोहरमैला ब्यवस्थापन प्रस्तावको प्राविधिक प्रस्ताव मुल्यांकन सूचकहरु

पुर्णाक २५

प्रस्तावकको नाम, ठेगाना

| क्र.सं | सूचक | पुस्ट्याई | अंक |
|---|---|---|---|
| १ | स्थानीयता | वीरेन्द्रनगरमा कार्यालय भएको | २ |
| २ | फर्म वा संस्थाको कार्य क्षेत्र | उद्धेश्यमा वातावरण संरक्षण ,सरसाफाई तथा फोहरमैला व्यवस्थापन भएको | १ |
| ३ | कार्य अनुभव | वातावरण संरक्षण ,सरसाफाई तथा फोहरमैला व्यवस्थापनमा ३ वर्ष भन्दा वढी अनुभवको अनुभव भएमा ३ अंक ,राजस्व संकलन, सामाजिक परिचालन तथा आर्थिक विकास तथा पूर्वाधार विकास निर्माणका कार्य सम्वन्धीको अनुभवमा १ अंक | ३ |
| ४ | ढुवानी साधन | फर्म वा संस्थाको आफ्नै नाममा प्रति कलस्टर न्यूतम् आवश्यकताको ५० प्रतिशत साधन भएमा ४ अक<br>५० प्रतिशत भन्दा कम साधन आफ्नो नाममा भई बांकी भाडामा लिने भएमा ३ अंक<br>सवै भाडामा प्रयोग गर्ने गरी सम्भै:ता पेश गरेमा २ अंक | ४ |
| ५ | जनशक्तीको क्षमता | वातावरण सम्वन्धी विषय अध्यन गरी कम्तीमा स्नातक गरेको व्यक्ती कम्तीमा १ जना र हाल विभिन्न वडाको फोहर ब्यवस्थापन कार्यमा संलग्न १ जना भन्दा वढी जनशक्ती टोलिमा भएमा ५ अंक<br>वातावरण संरक्षण सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्वन्धी १ महिना भन्दा वढी तालिम प्राप्त वा १ वर्ष भन्दा वढी अनुभव प्राप्त कम्तीमा | ५ |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | १ जना वडाको फोहर ब्यवस्थापनमा संलग्न १ जना भएमा २ अक स्थानितहको अन्य विकास सग विषयमा १ वर्ष भन्दा वढी अनुभव प्राप्त ब्यक्ती टोलीमा भएमा १ अंक | |
| ५ | अन्य पूर्वाधार तथा उपकरण कम्पोष्ट ल्पान्ट ,वायोग्यास ल्पान्ट ,रिसाइकल उपकरणहरु | फोहरमैला ब्यवस्थापनमा सहयोग पुग्ने अन्य पूर्वाधार तथा उपकरण भएमा २ | २ |
| ६ | फोहरमैला सेवा शुल्क असूली र ब्यवस्थापनमा सफ्टवयेर प्रयोग | सफ्टवेयर सप्लायर्सले सफ्टवयेर दिने प्रतिवद्धता पत्र पेश भएमा ३ अंक आफ्नो मात्र प्रतिवद्धता पेश गरेमा १ अंक | ३ |
| ७ | प्रस्तावकको वार्षिक आर्थिक कारोवार | पेश भएको प्रस्तावहरु मध्ये सबै भन्दा वढी एक आ.व. मा कारोवार गर्ने | २ |
| ८ | पेश भएको प्रस्तावमा उल्लेख श्रृजनशिलता | मूल्यांकन समितिबाट | ३ |
| | जम्मा | | २५ |

प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका

# फोहरमैला ब्यवस्थापन प्रस्तावको आर्थिक प्रस्ताव मूल्यांकन सूचकहरु

**पूर्णाक ७५**

**प्रस्तावकको नाम, ठेगाना**

| क्र. सं. | सूचक | पुस्टयाई | अंक |
|---|---|---|---|
| १ | उठेको सेवा शुल्कवाट नगरपालिकालाई प्राप्त हुने हिस्सा प्रतिशत | २ % भन्दा कम भए ० अंक<br>२ % देखी ५ % भन्दा कम १० अंक<br>५% देखि माथि १०% सम्म १५ अंक<br>१०% देखि माथि १५% सम्म २५ अंक<br>१५% देखि माथी ३० अंक | ३० |
| २ | प्रस्तावको परियोजनाको कूल लागत अनुमान वार्षिक | न्यून लागतलाई पुर्ण अंक दिइ क्रमश २ अंकको अन्तरमा अंक दिने (न्यूनतम अंक सबैले २ पाउने) | ८ |
| ३ | प्रस्तावक र नगरपालिकाका को जिन्सी वा नगदमा कूल लागत सहभागिता अनुपात (ईन्धन, ढुवानी साधन, सवारी चालक, चालक,आदि) | १० प्रतिशत भन्दा कमको प्रस्तावमा २२<br>१५ प्रतिशतसम्मको प्रस्तावमा १७<br>२० प्रतिशत सम्मको प्रस्तावमा १२<br>२५ प्रतिशत सम्मको प्रस्तावमा ७<br>२५ प्रतिशत भन्दा वढीको प्रस्तावमा ० | २२ |
| ४ | सेवा सूल्क नउठेमा क्षतिपुर्ती | १० प्रतिशत भन्दा कमको प्रस्तावमा ५<br>१५ प्रतिशत सम्मको प्रस्तावमा ३<br>२० प्रतिशत सम्मको प्रस्तावमा २<br>२०प्रतिशतभन्दावढीको प्रस्तावमा० | ५ |
| ५ | विपन्न वर्गलाई सहुलिएत | १० प्रतिशत भन्दा वढी घरधुरीलाई ५अंक<br>५ प्रतिशत सम्म घरधुरीलाई ३ अंक<br>३ प्रतिशत सम्म घरधुरीलाइ २ अंक<br>३ प्रतिशत भन्दा कम घरधुरीलाई ० अंक | ५ |
| ६ | मृत पशु चौपाया ब्यवस्थापन | औषतमा ५० प्रतिशत भन्दा वढि घटेमा ५ अंक<br>औषतम ४० देखि ५० प्रतिशत घटेमा ३अंक<br>औषत २५ वा २५ प्रतिशतभन्दाबढी घटेमा घटेमा २ अंक<br>२५ भन्दा कम १० प्रतिशत सम्म घटेमा १ अंक | ५ |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | जम्मा | | ७५ |

प्रमुख प्रशासकीय अधिकृत